# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, साउन ९ गते २०४६ साल (संख्या१५

## भाग ३

श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

फोहर मैला (प्रबन्ध तथा स्रोत परिचालन) नियमावली, २०४६

फोहर मैला (प्रबन्ध तथा स्रोत परिचालन) ऐन, २०४४ को दफा ७.६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद–१

प्रारम्भिक

१.१ संक्षिप्त नाम र प्रारम्भः

१.१.१ यी नियमहरूको नाम "फोहर मैला (प्रबन्ध तथा स्रोत परिचालन) नियमावली, २०४६" रहेको छ ।

१.१.२ यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

१.२. परिभाषाः

१.२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

१.२.१.१ "ऐन" भन्नाले फोहर मैला (प्रबन्ध तथा स्रोत परिचालन) ऐन, २०४४ सम्झनुपर्छ ।

१.२.१.२ "उप-समिति" भन्नाले ऐनको उप-दफा ३.९.१ बमोजिम गठन हुने उप-समिति सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–२

## फोहर मैलाको प्रबन्ध तथा नियन्त्रण

२.१ सफाइ सेवा वा अन्य सेवा प्रदान गर्ने :

२.१.१ केन्द्रले कुनै व्यापारिक, औद्योगिक, धार्मिक वा सामाजिक संस्था वा कुनै विदेशी वा कुटनैतिक नियोग वा कुनै व्यक्तिलाई सफाइ सेवा उपलब्ध गराउन सक्नेछ ।

२.१.२ उप-नियम २.१.१ बमोजिमको सफाइ सेवा प्राप्त गर्न चाहने वा केन्द्रबाट प्रदान गरिने अन्य कुनै सेवा प्राप्त गर्न चाहने व्यक्ति वा संस्थाले केन्द्रलाई अनुरोध गरेमा केन्द्रले आवश्यक जाँचबुझ गरी सेवाशुल्क लिई सफाइ सेवा वा केन्द्रबाट प्रदान गरिने अन्य कुनै सेवा उपलब्ध गराउन सक्नेछ ।

२.२ फोहर मैला सङ्कलन गरी प्रबन्ध गर्ने :

२.२.१ कुनै व्यक्ति वा संस्थाले केन्द्रको अनुमति लिई पुनः प्रयोग गर्न सकिने खालका वा अन्य कुनै किसिमका फोहर मैला सङ्कलन गरी प्रबन्ध गर्न सक्नेछ ।

२.२.२ उप-नियम २.२.१ बमोजिम फोहर मैला सङ्कलन गरी प्रबन्ध गर्न अनुमति लिन चाहने व्यक्ति वा संस्थाले अनुसूची १ बमोजिमको ढाँचामा केन्द्रसमक्ष निवेदन दिनु पर्नेछ ।

२.२.३ उप-नियम २.२.२ बमोजिमको निवेदन पर्न आएमा केन्द्रले ऐनको दफा ४.६ को अधीनमा रही फोहर मैला सङ्कलन गरी प्रबन्ध गर्न चाहने व्यक्ति वा संस्थासँग तत्सम्बन्धमा छुट्टै सम्झौता गरी सोही सम्झौतामा उल्लेख भएबमोजिम दस्तूर लिने गरी अनुसूची २ बमोजिम-को ढाँचामा अनुमति दिन सक्नेछ ।

२.३ फोहर मैलाबाट उत्पादित प्राङ्गारिक मल वा अन्य वस्तु बिक्री गर्ने :

२.३.१ केन्द्रले सङ्कलन गरेको फोहर मैलाबाट उत्पादित प्राङ्गारिक मल वा अन्य कुनै वस्तु खरिद गर्न चाहने व्यक्तिले केन्द्रलाई अनुरोध गरेमा केन्द्रले आवश्यक मूल्य लिई फोहर मैलाबाट उत्पादित प्राङ्गारिक मल वा अन्य कुनै वस्तु बिक्री गर्न सक्नेछ ।

२.३.२ उप-नियम २.३.१ बमोजिम केन्द्रद्वारा बिक्री गरिने प्राङ्गारिक मल वा अन्य कुनै वस्तु केन्द्र स्वयंले वा डिलरमार्फत बिक्री गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८४

२.४ हानिकारक वा प्रदुषणयुक्त फोहर मैला हटाउने :

कुनै औद्योगिक वा व्यापारिक प्रतिष्ठान वा कुनै संस्था, निकाय वा व्यक्तिले आफ्नो दैनिक कारोवारको सिलसिलामा निस्किएको हानिकारक वा प्रदुषणयुक्त वा संक्रामक रोग फैलाउने किसिमका फोहर मैला केन्द्रमार्फत हटाउन केन्द्रलाई अनुरोध गरेमा केन्द्रले सेवाशुल्क लिई त्यस्तो फोहर मैला हटाउनु पर्नेछ ।

२.५ मृत पशु पंक्षी हटाउने :

कुनै संस्था, निकाय वा व्यक्तिले आफूले पालेका पशु पंक्षीको मृत्यु भई त्यस्तो मृत पशु पंक्षी केन्द्रमार्फत हटाउन चाही केन्द्रलाई अनुरोध गरेमा केन्द्रले मनासिब शुल्क लिई त्यस्तो मृत पशु पंक्षी हटाउन सक्नेछ ।

२.६ फोहर मैला थुपार्ने ठाउँ तोक्ने वा कन्टेनर सेवा उपलब्ध गराउने :

२.६.१ केन्द्रले सार्वजनिक सुविधालाई ध्यानमा राखी कुनै क्षेत्रको फोहर मैला हटाउन आवश्यक देखेमा सम्बन्धित पञ्चायत वा वडा समितिको परामर्श समेत लिई कन्टेनर राख्ने ठाउँ वा फोहर मैला थुपार्ने ठाउँ तोकिदिन सक्नेछ ।

२.६.२ उप-नियम २.६.१ बमोजिम फोहर मैला थुपार्न तोकिएको ठाउँ वा राखिएको कन्टेनरमा केन्द्रले बेलाबेलामा निर्धारण गरेको समय-भित्र फोहर मैला थुपार्नु वा राख्नु पर्नेछ ।

२.६.३ केन्द्रले पनि फोहर मैला थुपार्ने ठाउँ वा कन्टेनरबाट फोहर मैला उठाई लैजाने समय निर्धारण गरी सोही समयभित्र फोहर मैला उठाई लैजानु पर्नेछ ।

२.७ सार्वजनिक शौचालय, स्नानगृह वा पशुवधशाला सञ्चालन गर्ने :

२.७.१ केन्द्रले सार्वजनिक सुविधालाई ध्यानमा राखी वातावरण प्रदुषित नहुने गरी उपयुक्त स्थानमा सार्वजनिक शौचालय, स्नानगृह वा पशुवधशाला वा अन्य सार्वजनिक सुविधाका साधनहरूको निर्माण वा सार्वजनिक घुम्ती शौचालयको व्यवस्था गर्न सक्नेछ । उक्त कार्यको लागि केन्द्रले सम्बन्धित पञ्चायत वा वडा समितिसँग सहयोग वा परामर्श माग गर्न सक्नेछ ।

२.७.२ उप-नियम २.७.१ बमोजिमको सार्वजनिक शौचालय, स्नानगृह वा पशुवधशाला वा केन्द्रद्वारा प्रदान गरिने अन्य कुनै सेवाको सञ्चालन केन्द्र स्वयंले वा अन्य कुनै संस्था वा व्यक्तिमार्फत गर्न गराउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८

२.७.३ उप-नियम २.७.१ बमोजिमको सार्वजनिक शौचालय, स्नानगृह वा पशुवधशाला वा केन्द्रबाट प्रदान गरिने अन्य कुनै सेवा प्रयोग गर्न चाहने व्यक्तिले केन्द्रद्वारा निर्धारित शुल्क तिरेर प्रयोग गर्न सक्नेछ ।

२.८ निजी प्रयोगको लागि कन्टेनर उपलब्ध गराउने :

कुनै व्यापारिक, औद्योगिक, धार्मिक वा सामाजिक संस्था वा कुनै विदेशी वा कुटनैतिक नियोग वा कुनै व्यक्तिले निजी प्रयोगको लागि स्थायी वा अस्थायी रूपमा कन्टेनर उपलब्ध गर्न केन्द्रलाई अनुरोध गरेमा केन्द्रले सेवाशुल्क लिई निजी प्रयोगको लागि स्थायी वा अस्थायी रूपमा कन्टेनर उपलब्ध गराउन सक्नेछ

२.९ निजी क्षेत्रलाई संलग्न गराउन सक्ने :

फोहर मैला सङ्कलन गर्ने, सङ्कलित फोहर मैला स्थानान्तर केन्द्रसम्म पुऱ्याउने वा फोहर मैला अन्तिम रूपमा तह लगाउने ठाउँ वा अन्य कुनै क्षेत्रमा लैजाने कार्यमा केन्द्रले निजी क्षेत्रलाई पनि संलग्न गराउन सक्नेछ ।

२.१० जनसहभागिता जुटाई सरसफाइ कार्यक्रम सञ्चालन गर्ने :

२.१०.१ केन्द्रले कुनै टोल वा क्षेत्रमा सरसफाइ कार्यक्रम सञ्चालन गर्न सम्बन्धित वडा समितिका अध्यक्ष र सदस्य तथा स्थानीय जनता समेतको सहभागिता जुटाई स्वयंसेवी टोलीको व्यवस्था गर्न सक्नेछ ।

२.१०.२ उप-नियम २.१०.१ बमोजिमको स्वयंसेवी टोलीलाई केन्द्रले सरसफाइसम्बन्धी आवश्यक औजार तथा उपकरणहरू निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

२.१०.३ उप-नियम २.१०.१ बमोजिमको स्वयंसेवी टोलीले गर्ने सर-सफाइसम्बन्धी कार्यक्रम केन्द्र र त्यस्तो स्वयंसेवी टोलीले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद–३

## उप-समितिको काम, कर्तव्य र अधिकार

३.१ उप-समितिको काम, कर्तव्य र अधिकार :

३.१.१ उप-समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

३.१.१.१ केन्द्रले आफूलाई सुम्पिएको काम प्रभावकारी ढङ्गले पूरा गर्ने ,

३.१.१.२ केन्द्रद्वारा प्रत्यायोजित अधिकारको प्रयोग गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१८६३

३.१.१.३ केन्द्रले समय समयमा दिएको निर्देशनको अधीनमा रही आफ्नो काम सुचारू रूपले तोकिएको समयभित्र पूरा गर्ने ।

३.१.२ उप-नियम ३.१.१ मा लेखिएदेखि बाहेक उप-समितिको अन्य काम, कर्तव्य र अधिकार केन्द्रले उप-समिति गठन गर्दा तोकिदिए-बमोजिम हुनेछ ।

३.२ उप-समितिले काम गर्दा अपनाउनु पर्ने कार्यविधि :

उप-समितिले काम गर्दा अपनाउनु पर्ने कार्यविधि केन्द्रले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद–४
## आर्थिक कारोवारसम्बन्धी कार्यविधि

४.१ सेवाशुल्क, दस्तूर तथा जरिवानाको रकम दाखिल गर्ने कार्यविधि :

४.१.१ केन्द्रले सेवाशुल्क वा अन्य दस्तूर वापत प्राप्त गरेको रकम प्राप्त भएको दिनमै वा सो दिन नभ्याएमा त्यसको भोलिपल्टै केन्द्रको बैंक खातामा वा लेखा शाखामा जम्मा गर्नु पर्नेछ ।

४.१.२ ऐनको दफा ५.२ बमोजिम असूलउपर गरिने जरिवानाको रकम सम्बन्धित उप-समिति वा निरीक्षण अधिकृतले जरिवानाको रकम असूलउपर गरेको दिनमै वा सो दिन नभ्याएमा त्यसको भोलिपल्टै केन्द्रको बैंक खातामा वा लेखा शाखामा जम्मा गर्नु पर्नेछ ।

४.१.३ उप-नियम ४.१.१ बमोजिम केन्द्रको लेखा शाखामा बुझाएको सेवाशुल्क, अन्य दस्तूर वा जरिवानाको रकम केन्द्रको लेखा शाखाले रकम प्राप्त भएको दिनमै वा सो दिन नभ्याएमा त्यसको भोलिपल्टै केन्द्रको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

४.१.४ उप-नियम ४.१.१ वा ४.१.२ बमोजिम बैंक खातामा रकम जम्मा गरिएको त्यस्तो रकम बुझाएको भौचर सम्बन्धित व्यक्ति, निरीक्षण अधिकृत वा उप-समितिले रकम बुझाएको तीनदिनभित्र केन्द्रको लेखा शाखामा बुझाउनु पर्नेछ ।

४.२ केन्द्रको खाता सञ्चालन, बजेट, खर्च तथा लेखासम्बन्धी व्यवस्था :

४.२.१ केन्द्रको खाता सञ्चालन केन्द्रले तोकेको कुनै अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.२.२ केन्द्रको आय व्ययको लेखा व्यावसायिक लेखा प्रणाली अनुसार सञ्चालन गरिनेछ र सोको कार्यविधि विनियममा व्यवस्था भएबमोजिम हुनेछ ।

४.२.३ केन्द्रको बजेट तर्जुमा र स्वीकृति, बजेट रकमको निकासा तथा रकमान्तर, खर्च गर्ने अधिकार, कर्तव्य र उत्तरदायित्व, पेस्की तथा पेस्की फछ्र्योट, लेखा, आन्तरिक लेखापरीक्षण र बेरुजू फछ्र्योटसम्बन्धी कुराहरू विनियममा व्यवस्था भएबमोजिम हुनेछ ।

## परिच्छेद–५

## विविध

५.१ **श्री ५ को सरकारसँग सम्पर्क :**

केन्द्रले श्री ५ को सरकारसँग सम्पर्क राख्दा आवास तथा भौतिक योजना मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

५.२ **अनुसूचीमा हेरफेर गर्न सक्ने :**

श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

## अनुसूची–१

(उप-नियम २.२.२ संग सम्बन्धित)

श्रीमान्.......................

फोहर मैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्र,

टेकु, काठमाडौं ।

### निवेदनपत्र

मैले।हामीले..........अञ्चल.........जिल्लास्थित निम्नबमोजिमको क्षेत्रमा रहेको फोहर मैला सङ्कलन गरी प्रबन्ध गर्न चाहेकोले सो कार्यको लागि त्यस केन्द्रको अनुमति पाउन यो निवेदन पेश गरेको छु । छौं । अनुमति पाएका बखत केन्द्रबाट निर्धारित दस्तूर बुझाउनेछु । छौं । पुनः प्रयोग गर्न सकिने खालका वा अन्य कुनै किसिमका फोहर मैलाहरू सङ्कलन गरी प्रबन्ध गर्ने कामबाहेक अन्य कुनै काम कुरा गरेमा प्रचलित कानूनबमोजिम सहुँला बुझाउँला ।

क्षेत्रको विवरणः

.............

.............

.............

निवेदक

नामः–

दस्तखतः–

ठेगानाः–

मितिः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८८

अनुसूची–२

(उप-नियम २.२.३ संग सम्बन्धित)

फोहर मैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्र

टेकू, काठमाडौं।

प.सं. :– मितिः–......

विषयः– अनुमतिपत्र।

श्री............

..............

महाशय,

तपाईं लाई ......अञ्चल...... जिल्लास्थित निम्नबमोजिमको क्षेत्रमा फोहर मैला (प्रबन्ध तथा स्रोत परिचालन) ऐन, २०४४, फोहर मैला (प्रबन्ध तथा स्रोत परिचालन) नियमावली, २०४६ र देहायका शर्तहरूको अधीनमा रही फोहर मैला सङ्कलन गरी प्रबन्ध गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ।

क्षेत्रको विवरण :

.............

.............

शर्तहरू

१. फोहर मैला सङ्कलन गर्दा सूर्यास्तदेखि सूर्योदयसम्म गर्नु पर्नेछ।

२. फोहर मैला सङ्कलन गर्दा सर्वसाधारण जनताको आवागमनमा कुनै पनि किसिमले बाधा पुग्नु हुँदैन।

३. फोहर मैला सङ्कलन गर्दा सवारीका साधनहरूको आवागमनमा कुनै बाधा पर्नु हुँदैन।

४. फोहर मैला सङ्कलन गरी प्रबन्ध गर्दा कुनै पनि किसिमले सर्वसाधारण जनताको स्वास्थ्यमा प्रतिकूल असर पर्नु हुँदैन।

अनुमतिपत्र दिने अधिकारीको,

नामः–

दस्तखत :–

आज्ञाले,

सन्तबहादुर राई

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९८5